# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

अन्तराष्ट्रिय वित्तीय सप्ताह (March 10-17) को अवसर पारेर मुलुकमा वित्तीय चेतना अभिवृद्धिका लागि सरोकारवाला सबैको ध्यानाकर्षण गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकद्वारा फागुन ३० गते एक अन्तर्किया कार्यक्रम आयोजना गरियो । सरकारी तथा गैरसरकारी विभिन्न संघसंस्थाको सहभागिता रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. युवराज खतिवडाले वित्तीय चेतना अभिवृद्धिको विषय नेपाल राष्ट्र बैंकको उच्च प्राथमिकतामा रहेको बताउनुभयो ।



मन्तव्यको क्रममा गभर्नर डा. खतिवडाले विद्यार्थी पुस्ता नै यो देशको निर्माता भएको हुँदा सानैदेखि उनीहरूमा वित्तीय चेतना प्रवाह गरेर उद्यमशील नागरिक तयार गरिएमा भोलि देशको समृद्धिका लागि योगदान पुग्ने धारणा व्यक्त गर्नुभएको थियो । यसै उद्देश्यले नेपाल राष्ट्र बैंकद्वारा विद्यालयमा नेपाल राष्ट्र बैंक कार्यक्रम सञ्चालन हुन लागेको उहाँले स्पष्ट पार्नुभयो । वित्तीय चेतना सम्बन्धी ज्ञानलाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता माथि प्रकाश पार्दै उहाँले विद्यार्थीहरू नयाँ प्रविधिसँग पनि अद्यावधिक हुनुपर्ने बताउनुभयो । वित्तीय चेतना अभिवृद्धिको विषय निरन्तर रहनुपर्नेमा जोड दिँदै उहाँले यो क्षेत्र सामाजिक उत्तरदायित्व पूरा गर्न उपयुक्त रहेकोले सबैले सहयोग गर्नुपर्ने पनि स्पष्ट पार्नुभयो ।

कार्यक्रममा गभर्नर खतिवडाले वित्तीय चेतना अभिवृद्धि विषयका ६ वटा गीत समेटिएको गीति सामग्री "**समृद्धितिर**" नामक सीडी र विद्यार्थीलाई लक्षित गरी तयार गरिएको "**विद्यार्थीसँग नेपाल राष्ट्र बैंक**" पुस्तक विमोचन गर्नुभयो । सो सीडीमा वित्तीय चेतनाको महत्व, बैंक नोटको संरक्षण, उन्नतिका लागि वचत, बैंक कर्जाको सदुपयोग, विना धितो महिला समूह कर्जा र विदेशको कमाइ (रेमिट्यान्स) लाई उत्पादनशील उपयोग गर्ने विषयक ६ वटा वित्तीय चेतनामूलक गीत समेटिएका छन् । यसै गरी विमोचित पुस्तकमा वित्तीय साक्षरताको सन्दर्भ, नेपालको वित्तीय प्रणाली, बैंक खाता, वचत, बैंक कर्जा, आम्दानी अनुसार बजेट निर्माण, बीमा, सफा नोट, विप्रेषणको उत्पादनशील उपयोग, सेयर, विदेशी विनिमय, विद्युतीय बैंकिङ, सम्पत्ति शुद्धीकरण विषयका आधारभूत वित्तीय ज्ञान एवम् जानकारी समेटिएको छ ।




कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै लघु वित्त विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले वित्तीय साक्षरताको आवश्यकता र महत्वबारे संक्षिप्त चर्चा गर्दै यस कार्यमा सरोकारवाला सबैको सहयोग आवश्यकता रहेको यथार्थ औंल्याउनुभयो । कार्यक्रममा निर्देशक चिन्तामणि शिवाकोटीले वित्तीय चेतनाको अन्तराष्ट्रिय सन्दर्भ, नेपालमा यसको आवश्यकता र सन्दर्भ लगायतका विषय समेटिएको कार्यपत्र प्रस्तुत

गर्नुभएको थियो । कार्यक्रममा शिक्षा मन्त्रालय, युनिसेफ, नेपाल बैंकर्स संघ, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) लगायतका प्रतिनिधिले वित्तीय चेतना अभिवृद्धिमा आआफ्नो तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

सोही सन्दर्भमा २०७० चैत्र १ गते नेपाल राष्ट्र बैंकको आयोजना तथा उपर्युक्त सरोकारवाला संस्था लगायतको सहभागितामा काठमाडौंको वसन्तपुरबाट जमल हुँदै भृकुटीमण्डपसम्म वित्तीय साक्षरता र्‍यालीको आयोजना गरियो । कार्यक्रममा गभर्नर, डेपुटी गभर्नरहरु, बैंक तथा वित्तीय क्षेत्रका पदाधिकारी एवम् कर्मचारीहरू, शिक्षक, विद्यार्थी, अभिभावक तथा सर्वसाधारणको उत्साहप्रद सहभागिता रहेको थियो ।



वित्तीय चेतनामूलक उपर्युक्त सामग्रीहरु नेपाल राष्ट्र बैंकको वेवसाइटमा उपलब्ध छन् ।

२०७० चैत्र ३ गते, सोमबार

गभर्नरको कार्यालय